कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code

6M2Q+5V7 Kohalpur

लुम्बिनी प्रदेश, नेपाल

प.सं.:२०८०/०८१ (उद्योग, सहकारी तथा उपभोक्ता हित संरक्षण उप-शाखा)

च.नं.: १०४२

मितिः-२०८०।०८।१३

विषयः-जानकारी सम्बन्धमा ।

श्री सहकारी संस्था सबै
(कोहलपुर न.पा.कार्यक्षेत्र भएका)

प्रस्तुत विषयमा संङ्घीय मामिला तथा सामन्य प्रशासन मन्त्रालयको च.नं.२१० मिति २०८०।०८।१२ को प्राप्त पत्रानुसार भूमि व्यवस्था ,सहकारी तथा गरिबी निवारण मन्त्रालयको च.नं.४०७ मिति २०८०।०८।०८ को निर्णय कार्यान्वयन सम्बन्धी पत्र र सोसाथ प्राप्त मिति २०८०।०७।२३ को मन्त्रिपरिषद्को बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको दर्ता,कार्यक्षेत्र विस्तार तथा सेवा केन्द्र स्वीकृतिमा रोक लगाउने निर्णय जानकारी गराई दिनुहुन भनी उल्लेख भई आएकाले सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

info@kohalpurmun.gov.np, iccp@kohalpurmun.gov.np

+९७७-०८१-५४०००९

www.kohalpurmun.gov.np

www.facebook.com/kohalpurmun

www.twitter.com/kohalpurmun

नेपाल सरकार
# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
(सहकारी व्यवसाय प्रवर्द्धन तथा संघ संस्था समन्वय शाखा)

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्स: ४२३२२६२
४२११६४५
सिंहदरबार, काठमाडौं

पत्र संख्याः- १.६/स.व्य.प्र./२०८०/०८१
च.नं. ४०७

मितिः-२०८०/८/८

विषयः- निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- १८३०
दर्ता मितिः- २०८०।०८।१०

प्रस्तुत विषयमा सहकारी क्षेत्रमा देखिएका समस्या समाधानका लागि सुझाव सहितको प्रतिवेदन पेश गर्न नेपाल सरकारको मिति २०८०/१/२६ को निर्णयानुसार राष्ट्रिय योजना आयोगका मा. सदस्य श्री जयकान्त राउतको संयोजकत्वमा गठित "सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८०" बाट मिति २०८०/५/२५ मा विभिन्न सुझाव सहितको प्रतिवेदन पेश भएको छ। सहकारी क्षेत्रको सुधारका लागि केही सुझाव तत्काल कार्यान्वयन गर्न आवश्यक देखिएको छ ।

देशभर ठूलो संख्यामा रहेका बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुबाट पछिल्लो समयमा ठुला-ठुला बचत स्वीकार गर्ने र जोखिमयुक्त लगानी गर्ने प्रवृत्तिमा वृद्धि हुँदै गई सहकारी संस्थाका सदस्य तथा बचतकर्ताहरुको बचत फिर्ता हुन नसकी सहकारी संस्थाहरुमा गम्भीर समस्या सिर्जना हुन गएको र यसबाट समग्र सहकारी क्षेत्रको अतिरिक्त सम्पूर्ण वित्तीय क्षेत्र नै प्रभावित हुन सक्ने जोखिम बढ्दै गएकोले उक्त कार्यदलको सुझाव समेतको आधारमा **"यस क्षेत्रको समस्या समाधानको लागि अर्को व्यवस्था नभएसम्म महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकालाई कार्यक्षेत्र बनाई बचत तथा ऋणको कारोवार गर्ने गरी संघ, प्रदेश र स्थानीय तहबाट कुनै पनि प्रकृतिको सहकारी संस्थाको दर्ता, कार्यक्षेत्र विस्तार तथा सेवा केन्द्रको स्वीकृतिमा रोक लगाउने"** गरी नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०८०/७/२३ मा निर्णय भएकोले सोही अनुसार सबै स्थानीय तहहरुबाट समेत निर्णय कार्यान्वयनको लागि आवश्यक सहयोग, समन्वय तथा सहजीकरण गरिदिनुहुन मिति २०८०/८/८ को निर्णयानुसार अनुरोध छ ।

.................................
(रघुनाथ महत)
उप-सचिव

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

फोन नं ४२११६६६
४२११६३२
४२११८५०
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्स: ४२३२२६२
४२११६४५

सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ती

देशभर ठूलो संख्यामा रहेका वचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुबाट पछिल्लो समयमा ठूला ठूला बचत स्वीकार गर्ने र जोखिमयुक्त लगानी गर्ने प्रवृत्तिमा वृद्धि हुँदै गई सहकारी संस्थाका सदस्य तथा वचतकर्ताहरुको वचत फिर्ता हुन नसकी सहकारी संस्थाहरुमा गम्भीर समस्या सिर्जना हुन गएको र यसबाट समग्र सहकारी क्षेत्रका अतिरिक्त सम्पूर्ण वित्तीय क्षेत्र नै प्रभावित हुन सक्ने जोखिम बढ्दै गएकोले यस क्षेत्रको समस्या समाधानको लागि अर्को व्यवस्था नभएसम्म महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकालाई कार्यक्षेत्र बनाई वचत तथा ऋणको मुख्य कारोवार गर्ने गरी संघ, प्रदेश र स्थानीय तहबाट कुनै पनि प्रकृतिको सहकारी सस्थाको दर्ता, कार्यक्षेत्र विस्तार तथा सेवा केन्द्रको स्वीकृतिमा रोक लगाउने गरी नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०८०/७/२३ मा निर्णय भएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

(गणेशप्रसाद भट्ट)
सहसचिव/प्रवक्ता